**आकाशवाणी समाचार- नेपाली**

**मितिः ११ जनवरी २०२६**

**समयः ०६:२५ - ०६:३० बजे (*अवधिः ०५ मिनट*)**

**मुख्य समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदी गुजरातको प्रभास पाटनमा आयोजना हुने शौर्य यात्रामा सहभागी हुनुहुनेछ।

- पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) प्रक्रियालाई लिएर बढ्दो राजनीतिक तनावको बीचमा, निर्वाचन आयोगले मतदाता नामावलीको अनुगमन गर्न चार थप विशेष मतदाता सूची पर्यवेक्षकहरू नियुक्त गरेको छ।

- विधानसभा चुनाव अघि पश्चिम बंगालमा मतदान केन्द्रको व्यवस्थाप्रति भारतीय निर्वाचन आयोग चिन्तित भएको छ।

- इंडियन पॉलिटिकल एक्शन कमेटी- (I-PAC) मुद्दामा प्रवर्तन निर्देशनालय (ED) ले हिज सर्वोच्च अदालतमा निवेदन दिएको छ।

- वरिष्ठ नागरिक कल्याण संगठन तीनधारेको आयोजनामा अण्डर 15 फुटबल टुर्नामेन्ट सम्पन्न हुने भएको छ।

**प्रधानमन्त्री**

प्रधानमन्त्री नरेन्द्र मोदी सोमनाथ मन्दिरको रक्षा गर्दै आफ्नो जीवन बलिदान दिने अनगिन्ती वीर योद्धाहरूको सम्मानमा आज बिहान गुजरातको प्रभास पाटनमा आयोजना हुने शौर्य यात्रामा सहभागी हुनुहुनेछ। त्यसपछि उहाँले सोमनाथ मन्दिरमा पूजा-अर्चना गर्नुहुनेछ। श्री मोदीले सोमनाथमा एक सार्वजनिक सभालाई पनि सम्बोधन गर्नुहुनेछ। त्यसपछि उहाँले राजकोटमा सौराष्ट्र कच्छ क्षेत्रको लागि दुई दिने भाइब्रेन्ट गुजरात क्षेत्रीय शिखर सम्मेलनको उद्घाटन गर्नुहुनेछ। शिखर सम्मेलनले नवप्रवर्तकहरू, उद्यमीहरू, लगानीकर्ताहरू, स्टार्टअपहरू, विश्वव्यापी साझेदारहरू र सरकारलाई एकसाथ ल्याउने लक्ष्य राखेको छ।

उद्घाटन समारोहमा गुजरातका मुख्यमन्त्री भूपेन्द्र पटेल र उपमुख्यमन्त्री हर्ष संघवी उपस्थित हुनुहुनेछ। १,५०० भन्दा बढी समझदारी पत्रमा हस्ताक्षर हुने अपेक्षा गरिएको छ। राजकोटमा हुने क्रेता-विक्रेता भेटघाटको क्रममा १,८०० भन्दा बढी व्यापारिक बैठकहरू तय गरिएको छ।

**पश्चिम बंगाल-निर्वाचन आयोग**

पश्चिम बंगालमा विशेष गहन पुनरीक्षण (SIR) प्रक्रियालाई लिएर बढ्दो राजनीतिक तनावको बीचमा, निर्वाचन आयोगले मतदाता नामावलीको अनुगमन गर्न चार थप विशेष मतदाता सूची पर्यवेक्षकहरू नियुक्त गरेको छ। आयोगले हिज घोषणा गरेको छ नयाँ दिल्ली र छिमेकी राज्यहरूमा केन्द्रीय सरकारको कार्यालयहरूमा सेवा गरिरहेका चार IAS अधिकारीहरूले अनुगमनको जिम्मेवारी लिनेछन्। नवनियुक्त विशेष मतदाता सूची पर्यवेक्षकहरूमा युवा मामिला तथा खेलकुद मन्त्रालयका निर्देशक सन्दीप रेवजी राठौर, त्रिपुराका जनगणना निर्देशक रतन विश्वास, राष्ट्रिय स्वास्थ्य प्राधिकरणका उपसचिव डा. शैलेश र सामाजिक न्याय तथा अधिकारिता मन्त्रालयका निर्देशक विकास सिंह समावेश छन्।

आयोगको निर्देशन अनुसार, यी विशेष मतदाता सूची पर्यवेक्षकहरू कुनै पनि योग्य मतदाता मतदानबाट वञ्चित नहोस् र कुनै पनि अयोग्य नाम सूचीमा समावेश नहोस् भन्ने कुरा सुनिश्चित गर्न जिम्मेवार हुनेचन। यी पर्यवेक्षकहरूले दावी र आपत्तिहरूको निपटान देखि मतदाता सूचीको अन्तिम प्रकाशनसम्म सम्पूर्ण प्रक्रियाको निरीक्षण गर्नेछन्।

एक अन्य घटनामा, मुख्यमन्त्री ममता बनर्जीले मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारलाई पत्र लेख्दै पश्चिम बंगालमा सम्पूर्ण एसआईआर प्रक्रिया सञ्चालन गर्ने तरिकाप्रति असन्तुष्टि व्यक्त गर्नुभएको छ।

**गृहमन्त्री अमित शाह**

गृहमन्त्री अमित शाहले स्वदेशी र स्वभाषाको मन्त्र अपनाएर मात्र भारत आत्मनिर्भर बन्न सक्ने बताउनुभएको छ। राजस्थानको जोधपुरमा आयोजित एक कार्यक्रमलाई सम्बोधन गर्नुहुदै श्री शाहले मानिसहरूलाई स्थानीय उत्पादनहरू उत्पादन गर्न र अपनाउन साथै घरमै आफ्नो मातृभाषामा कुराकानी गर्न आग्रह गर्नुभयो। श्री शाहले भाषा समाज, संस्कृति र धर्मको संरक्षणको माध्यम रहेको बताउनुभयो। उहाँले भन्नुभयो विश्वव्यापी प्रगतिको लागि कुनै पनि भाषा सिक्न र बोल्न सकिन्छ, तर घरमा बालबालिकासँग कुराकानी गर्न स्थानीय भाषा अपनाउनुपर्छ।

**(I-PAC)/ ED**

इंडियन पॉलिटिकल एक्शन कमेटी- (I-PAC) मुद्दामा प्रवर्तन निर्देशनालय (ED) ले हिज सर्वोच्च अदालतमा निवेदन दिएको छ। ED ले तत्काल सुनुवाइको लागि अनुरोध गरेको छ। यसैबीच, पश्चिम बंगाल सरकारले सर्वोच्च अदालतमा निवेदन दायर गरेको छ जसमा आफ्नो सुनुवाइ बिना कुनै पनि आदेश नदिन माग गरिएको छ।

यसअघि बिहीबार, ED ले करोडौंको कोइला चोरी घोटालाको कथित मनी लान्ड्रिङ अनुसन्धानको एक भागको रूपमा कोलकातास्थित परामर्श फर्म I-PAC र यसका निर्देशक प्रतीक जैनको परिसरमा खोजी गरेको थियो। एजेन्सीले पश्चिम बंगालका मुख्यमन्त्री ममता बनर्जीले छापा मार्ने स्थलहरूमा प्रवेश गरेको र कागजात र इलेक्ट्रोनिक उपकरणहरू सहित महत्त्वपूर्ण प्रमाणहरू लगेको आरोप लगाएको छ। यसैबीच, बनर्जीले केन्द्रीय एजेन्सीलाई अत्यधिक हस्तक्षेप गरेको आरोप लगाउनुभएको छ। हिजो, ED ले पश्चिम बंगालका मुख्यमन्त्री विरुद्ध CBI अनुसन्धानको लागि कलकत्ता उच्च अदालतमा निवेदन दायर गरेको थियो। उच्च अदालतले सुनुवाइ १४ जनवरी सम्मका लागि स्थगित गरेको छ।

**भाजपा परिवर्तन संकल्प सभा**

भाजपाले हिज डाबग्राम-फुलबारी विधानसभा क्षेत्रमा "परिवर्तन संकल्प सभा" आयोजना गऱ्यो। यो पूर्वी बाइपासमा रहेको ढाकेश्वरी काली मन्दिर परिसरमा आयोजना गरिएको थियो। भाजपा नेताहरूले राज्य सरकारमाथि कडा आक्रमण गरे।
प्रदेश भाजपा अध्यक्ष शमिक भट्टाचार्य, पूर्व अध्यक्ष दिलीप घोष, जलपाईगुडीका सांसद जयन्त राई, र सिलिगुडीका विधायक शंकर घोष लगायत धेरै वरिष्ठ नेताहरू उपस्थित थिए।

२०२६ को विधानसभा चुनावलाई लक्ष्यको रूपमा निर्दिष्ट गर्दै, शमिक भट्टाचार्यले २०२६ समयसीमा हो, र परिवर्तन हुनेछ भनि बताउनुभयो।

**प्रधानमन्त्री मुद्रा योजना / ठगी**

कोलकाता पुलिसले एउटा ठूलो अन्तरराज्यीय सिन्डिकेटको पर्दाफास गरेको छ र पाँच ठगी गर्नेहरूलाई पक्राउ गरेको छ। अभियुक्तहरूले प्रधानमन्त्री मुद्रा योजना (PMMY) योजना अन्तर्गत सजिलो ऋण दिने आश्वासन दिएर मानिसहरूलाई ठगी गरिरहेका थिए। पुलिस अधिकारीहरूले हिज अपरेशनको विवरण साझा गरे।

पूर्वी जादवपुर पुलिस थानाले निताई नगर क्षेत्रको एक आवासीय भवनबाट शंकास्पद गतिविधिहरू भइरहेको जानकारी प्राप्त गर्यो। यही जानकारीको आधारमा, विशेष पुलिस टोलीले शुक्रबार राति उक्त स्थानमा छापा मार्यो। घटनास्थलबाट पाँच जनालाई हिरासतमा लिइयो र सोधपुछपछि औपचारिक रूपमा पक्राउ गरियो।पुलिसका अनुसार पक्राउ परेका अभियुक्तहरू विभिन्न राज्यका बासिन्दा हुन्। अनुसन्धानबाट यो गिरोहले प्रधानमन्त्री मुद्रा योजना (PMMY) अन्तर्गत लाभ र कम ब्याजदरमा ऋण स्वीकृतिको आश्वासन दिएर साधारण मानिसहरूलाई लोभ्याएको खुलासा भएको छ।

**अण्डर 15 फुटबल टुर्नामेन्ट**

वरिष्ठ नागरिक कल्याण संगठन तीनधारेको आयोजनामा तीनधारेको मिठाइडाँडास्थित खेल मैदानमा उक्त अण्डर 15 फुटबल टुर्नामेन्ट हुने भएको छ। उक्त फुटबल टुर्नामेन्ट आगामी 14 जनवरीदेखि शुरु हुने बताइएको छ।
वरिष्ठ नागरिक कल्याण संगठन तीनधारेको तर्फबाट फुटबल टुर्नामेन्टका सचिव एवं पूर्व फुटबल खेलाडी धर्मराज जानकारी गराए अनुसार, यस अण्डर 15 फुटबल टुर्नामेन्टमा जम्मा 20 वटा टिमहरुले भाग लिइरहेका छन्। यस टुर्नामेन्टको फाइनल खेल आगामी 1 फरवरीको दिन सम्पन्न हुनेछ।
यस टुर्नामेन्ट आयोजना गरिनुको मुख्य उद्देश्य अण्डर 15 का युवा खेलाडीहरुलाई मञ्च प्रदान गर्नु रहेको धर्मराज थापाले बताएका छन्। उनले 15 वर्षमाथिका खेलाडीहरुले विभिन्न फुटबल टुर्नामेन्टहरुमा खेल्न पाइरहेको र 15 वर्ष मुनिका खेलाडीहरुलाई पनि फुटबलमा मञ्च प्रदान गर्ने उद्देश्यका साथमा यो टुर्नामेन्ट आयोजना गरिएको जानकारी गराउनुभएको छ।

## मौसम विभाग

मौसम विभागको अनुसार मकर संक्रान्तिसम्म बंगालमा जाड़ोको प्रभाव स्थिर रहनेछ। उत्तर एवं दक्षिण बंगालका केही जिल्लाहरूमा बिहानको समय बाक्लो कुहिरो लाग्ने सम्भावना छ जसका कारण दृश्यता कम हुनेछ। चिसो हावाको कारणले उत्तर एवं दक्षिण 24 परगना, मुर्शिदाबाद अनि नदिया जिल्लामा जाड़ोको 'रियल फील' दर्ता तापमानभन्दा कम महसूस हुनेछ।
गंगासागर मेलामा जाने तिर्थ यात्रीहरूको लागि बिहानको समय बाक्लो कुहिरो लाग्ने हुनाले विशेष चेताउनी जारी गरिएको छ। कुहिरोको कारणले काकद्वीप–कचुबेरिया फेरी अनि वेसल सेवा बाधित हुने सम्भावना व्यक्त गरिएको छ।

उत्तर बंगालमा पनि चिसोको प्रभाव यथावत रहनेछ। कुचबिहार तथा उत्तर र दक्षिण दिनाजपुरमा जाड़ो वास्तविक तापमानभन्दा कम महसूस हुनेछ। यसको साथै दार्जीलिङ, जलपाईगुड़ी, कुचबिहार तथा उत्तर दिनाजपुरमा बाक्लो कुहिरो लाग्ने अलर्ट जारी गरिएको छ।

****** ○ ******